# मतदानस्थल यकिन गर्ने बारे निर्वाचन आयोगको सूचना!

आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आयोगले आम मतदाताको सहजता तथा सुविधाको लागि विभिन्न मतदान स्थलहरू पुनरावलोकन गरेको छ । पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए हाल सञ्चालन भईरहेको मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रममा यही *मंसिर २६ गते भित्र* नामावलीमा रहेको त्रुटि सच्याउने, नाम हटाउने, दावी विरोध गर्ने कामका अतिरिक्त *एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नको लागि निवेदन दिन सक्ने सुविधा* समेत रहेको छ । यदि कुनै मतदाताले सम्बन्धित वडा भित्रकै अर्को मतदानस्थलमा आफ्नो नाम सार्न चाहेमा सम्बन्धित निर्वाचन कार्यालय गई वा आयोगको वेवसाइट (https://applyvr.election.gov.np) मार्फत अनलाइन निवेदन दिनुहुन आयोग हार्दिक अनुरोध गर्दछ ।

अनुसूची-३

(दफा ८ सँग सम्वन्धित)

## झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषयः- झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ..................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामावलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिलः

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नामावलीबाट नाम हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

उजुरी दिनेको नाम थरः ............................... दस्तखत............... ठेगाना...................................................मिति..................

---

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.................................................दर्जा ....................... दस्तखत ............... मिति .............

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
लमजुङ

# दावी विरोध सम्बन्धमा निर्वाचन कार्यालय लमजुङको सूचना।

आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आयोगले मतदाताको प्रारम्भिक नामावली निर्वाचन कार्यालयको वेबसाइट https://election.gov.np/np/ मा प्रकाशन गरेको छ। सो सम्बन्धमा प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा अनलाइन मार्फत https://applyvr.election.gov.np वा जिल्ला निर्वाचन कार्यालय लमजुङमा तोकिएको ढाँचामा मिति २०८२।०८।२६ गेत भित्र उजुरी दिनुहुन सूचित गरिन्छ।